nepalpostdaily .com
# नेपाल पोष्ट डेली
दैनिक

27°C । वर्ष :११, अंक : ३३ पृष्ठ ४ । शनिबार,०४ असोज २०८२ । SATURDAY, SEPTEMBER 20, 2025 .nepalpostdaily.com । मुल्य ५ रुपैंया

## पर्साका ९ वटा पालिकाका खाता खुलेन
## दशैंमा तलबभत्ता नपाउने कर्मचारीहरुमा चिन्ता

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,०३ असोज ।***

पर्साका १४ वटा पालिकामध्ये ९ वटा पालिकाका कर्मचारीहरू यस वर्षको दशैंमा तलबभत्तालगायत अन्य सेवासुविधा पाउनबाट वञ्चित हुने भएका छन् । १४ पालिकामध्ये अहिलेसम्म पोखरिया र पर्सागढी नगर पालिका तथा विन्दवासिनी र पटेर्वासुगौली गाउँपालिकाले मात्रै आ-आफ्ना खाता सञ्चालनमा ल्याएका छन् ।वीरगन्ज महानगर पालिका,बहुदरमाई नगरपालिका,ठोरी,धोबिनी,कालिकामाई,छिपहरमाई,पकहामैनपुर,जिराभवानी र जगरनापुर गरी बाँकी ९ वटा पालिकाले परिषद् सम्पन्न गरे पनि आआफ्ना बजेट सूत्रमा प्रविष्ट नगरेका कारण खाता सञ्चालनमा नआएको कोष तथा लेखा नियन्त्रक कार्यालय पर्साले जनाएको छ । खाता सञ्चालनमा नआएपछि कर्मचारीहरूलाई तलबभत्तालगायत




अन्य सेवासुविधा भुक्तानी गर्न नमिल्ने भएपछि ती पालिकाका ती पालिकाका कर्मचारीहरूमा चिन्तामा परेका छन् । धोबिनी र पकहामैनपुर गाउँपालिकामा अहिलेसम्म बजेटसमेत पारित भएको छैन । त्यहाँ अहिलेसम्म विवाद छ । धोबिनी गाँपालिकाका पूर्व प्रमुख प्रशासकीय अधिकृतले बजेट हिनामिना गरेको र गत आर्थिक वर्षको हिसाब नबुझाएसम्म चालू आर्थिक वर्षको बजेट सार्वजनिक गर्ने कार्य रोकिरहने कार्यपालिका सदस्य दिनानाथ कलवारले बताए ।अहिले धोबिनी पालिकामा नयाँ प्रमुख कार्यकारी अधिकृत कृष्ण खतिवडा आएका छन् । खतिवडाले चाँडै नै बजेट सार्वजनिक गरी गाँउपालिकाका सेवाहरू सुचारु गर्न प्रयासरत रहेको बताए । तर बजेट पारित सम्बन्धमा जनप्रतिनिधिहरूबीच सहमति जुट्न भने सकेको छैन ।धोबिनी-४ का वडाध्यक्ष अब्बास मियाँ चुडिहार

बाँकी तेश्रो पृष्ठमा

## संविधान दिवसमा बीरगन्जमा मधेसी मोर्चाको शान्तिपूर्ण विरोध

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,०३ असोज ।***

संविधान दिवस-२०८२ का दिन सात दलीय मधेसी मोर्चाले बीरगन्जमा शान्तिपूर्ण विरोध कार्यक्रम आयोजना गरेको छ । संविधानले मधेसलाई दिएको अधिकार अपुरो र विभेदपूर्ण रहेको आरोप लगाउँदै मोर्चाका नेताकार्यकर्ताले घण्टाघरस्थित शहीद स्मारकमा पुगेका थिए । उनीहरूले हातमा कालो पटी बाँधेर संविधानप्रति असन्तुष्टि व्यक्त गरे । साथै, मधेस आन्दोलनका क्रममा शहीद भएका व्यक्तिहरूको सालिकमा माल्यार्पण गर्दै संविधानले मधेसको योगदान र बलिदानलाई बेवास्ता गरेको दाबी गरे । कार्यक्रममा जसपा नेपाल पर्साका अध्यक्ष रामनरेश यादव, जनमत पार्टीकी नेतृ करिमा बेगम, सशिकपुर मियाँ, निजामुदिन असारीलगायत सात दलीय मोर्चाका नेताहरू उपस्थित थिए । उनीहरूले संविधान दिवसलाई




उत्सवको रूपमा नभई अधिकार र पहिचानका सवालमा अझै अधुरो यात्राको स्मरण गर्ने दिनका रूपमा मनाउनुपरेको बताए । जसपा अध्यक्ष यादवले "मधेस आन्दोलनको संघर्ष र बलिदानलाई बिर्सन मिल्दैन, संविधानले अझै न्याय दिन सकेको छैन, त्यसैले हाम्रो संघर्ष जारी रहनेछ," भने । त्यस्तै, जनमत नेतृ करिमा बेगमले महिलामाथि हुने भेदभाव अन्त्य गर्दै समानुपातिक हक सुनिश्चित गर्न संविधान संशोधन अपरिहार्य रहेको धारणा राखिन् । नेताहरूले संविधान निर्माण प्रक्रियामा मधेसको वास्तविक प्रतिनिधित्व नसमेटिएको, मधेसी, थारू, आदिवासी-जनजाति, मुस्लिमलगायत समुदायका माग उपेक्षित भएको भन्दै तिनका अधिकार सुनिश्चित गर्न संविधान सच्याउनुपर्नेमा जोड दिए ।स्थानीयको अवलोकनमा सम्पन्न कार्यक्रम शान्तिपूर्ण रूपमा सकिएको आयोजकहरूले बताएका छन् ।

## बीरगन्जमा जेनजी आन्दोलनले रोकिएको डीएपी मल भित्रिँदै

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,०३ असोज ।***

जेनजी आन्दोलनका कारण रोकिएको डीएपी मल अन्ततः कृषि सामग्री कम्पनीको बीरगन्जस्थित गोदाममा भित्रिन थालेको छ । आन्दोलनका कारण रक्सौल र सिर्सिया सुक्खा बन्दरगाहमा रोकिएको मल अहिले अवस्था सामान्य हुँदै गएसँगै भित्र्याउने कार्य सुरु भएको हो । कृषि सामग्री कम्पनी प्रादेशिक कार्यालय बीरगन्जका प्रमुख दुर्गाप्रसाद पाण्डेका अनुसार आदित्य बिरला कम्पनी र भारतको आईपीएल कम्पनीले ग्लोबल टेन्डरमार्फत ल्याएको डीएपी



मल गोदाममा प्रवेश गर्न थालेको हो । "आदित्य बिरलाले रक्सौलमा ५ हजार टन र आईपीएलले सिर्सियामा २ हजार ५ सय टन डीएपी मल ल्याएको थियो । आन्दोलनका कारण गोदामसम्म ल्याउन सकिएको थिएन, अहिले त्यो मल क्रमशः भित्रिँदैछ," पाण्डेले बताए ।हाल प्रादेशिक कार्यालयसँग मौज्दात रहेको ७ हजार

बाँकी तेश्रो पृष्ठमा

## मधेसका मुख्यमन्त्रीको अडान: राजीनामा दिन्नँ, सदनको सामना गर्छु

***जनकपुर,०३ असोज ।***

मधेस प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले आफ्नो पदबाट राजीनामा नदिने स्पष्ट अडान लिएका छन् । संविधान दिवसको अवसरमा आयोजित कार्यक्रममा उनले संघीयता र संविधानको रक्षाका लागि पदमा अडिग रहने प्रतिबद्धता व्यक्त गरे । मुख्यमन्त्री सिंहले भने, "कसैको चाहनामा पद त्यागिदनँ । संसदले विश्वासको मत नदिए मात्र म पद छोड्छु ।" भदौ २४ गतेको जेनजी आन्दोलनका क्रममा भौतिक संरचनामा ठूलो क्षति पुगेपछि क्षणिक रूपमा सामाजिक सञ्जालमार्फत राजीनामा घोषणा गरेको उनले स्वीकार गरे । तर,



त्यसलाई तत्कालीन भावनात्मक प्रतिक्रिया मात्रै भन्दै अब दृढतापूर्वक पदमा रहने स्पष्ट पारे । उनले दुई दिनको आन्दोलनले १० वर्षे माओवादी जनयुद्धभन्दा बढी भौतिक क्षति पुऱ्याएको उल्लेख गर्दै यसबाट गम्भीर चिन्ता व्यक्त गरे । सिंहले संघीयता जोगाउन सबै मधेसी जनतालाई एकजुट हुन आग्रह समेत गरे ।

## पर्सामा भन्सार छलीका सामानसहित अटो बरामद

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,०३ असोज ।***

सशस्त्र प्रहरी बल, प्रस्तावित सीमा सुरक्षा गुल्म बीरगन्जबाट खटिएको गस्ती टोलीले अबैध रूपमा भन्सार छली गरी ल्याइएका सामानसहित एक अटो नियन्त्रणमा लिएको छ । सशस्त्र प्रहरी नायब उपरीक्षक पुरुषोत्तम भण्डारीको कमाण्डमा खटिएको ९ जनाको टोलीले बीरगन्ज महानगरपालिका-१६, गण्डक इलाकाबाट भारततर्फबाट ल्याइँदै गरेका सामानहरू बरामद गरेको हो । ना.२ ह.४२७७ नम्बरको अटोमा लुकाइछिपाई राखिएका कपडा, किराना तथा कस्मेटिक सामग्रीहरू चेकजाँचका क्रममा बरामद गरिएको हो । सामानहरूको अनुमानित मूल्य करिब रू. ९० हजार रहेको जनाइएको छ । अटो सहित कुल मूल्य करिब रू. ३ लाख ९० हजार बराबर रहेको सशस्त्र प्रहरीले जनाएको छ । घटनास्थलबाट अटो चालक फरार भएका छन् भने उनको खोजी तथा घटनासम्बन्धी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । बरामद गरिएका सामान तथा सवारीसाधन आवश्यक

बाँकी तेश्रो पृष्ठमा

## संविधान दिवसको अवसरमा बृहत् रक्तदान कार्यक्रम सम्पन्न

***बारा,०३ असोज ।***

संविधान दिवस तथा राष्ट्रिय दिवस-२०८२ को अवसरमा जीतपुरसिमरा उपमहानगरपालिकाको आयोजनामा बृहत् रक्तदान कार्यक्रम भव्य रूपमा सम्पन्न भएको छ । कार्यक्रम नेपाल रेडक्रस सोसाइटी रक्त सञ्चार केन्द्र, वीरगञ्जको प्राविधिक सहयोगमा सम्पन्न भएको हो । कार्यक्रममा ५ जना महिला सहित जम्मा ५४ जनाले आफ्नो अमूल्य रक्तदान गरेका छन् । नेपाल रेडक्रस सोसाइटी रेशमकोठी उपशाखाका स-कोषाध्यक्ष अभिलाष गुप्ताले जानकारी दिएका छन् । रक्तदान कार्यक्रमको प्राविधिक सहयोग नेपाल रेडक्रस सोसाइटी वीरगञ्जका प्राविधिक जितेन्द्र कुश्वाहा र उनको टोलीले गरेका थिए । प्रमुख अतिथि प्रमुख प्रशासकीय अधिकृत शान्तिराज प्रसाई रहँदा उपप्रमुख भोला प्रसाद अधिकारी र प्रमुख राजन पौडेल विशिष्ट अतिथि रूपमा उपस्थित थिए । कार्यक्रममा मातृका पौडेल, सुरज पुन मगर, चूडामणि काफ्ले, ललित किशोर, हासमुद्दिन अन्सारी, सिद्धार्थ चौधरी,




सपना बम्जन, साबित्रि सोंग, सुस्मा तामाङ लगायत ५४ जनाले रक्तदान गरे । आयोजकहरूले रक्तदानलाई मानवताको महान् सेवा भन्दै भविष्यमा पनि यस्ता कार्यक्रम निरन्तरता दिने प्रतिबद्धता जनाएका छन् । स्थानीय संघ-संस्था र जनप्रतिनिधिहरूको सक्रिय सहभागिताले कार्यक्रम थप सफल भएको बताइएको छ ।

## समातिएको बाघ पर्सा राष्ट्रिय निकुञ्जमा सारियो

***बारा,०३ असोज ।***

बाराको चारकोशे जंगलबाट नियन्त्रणमा लिइएको पाटे बाघलाई पर्सा राष्ट्रिय निकुञ्जमा सारिएको छ । जितपुरसिमरा उपमहानगरपालिका-२१, अमलेखगञ्जको चुरियामाई सामुदायिक वनबाट समातिएको उक्त बाघ साढे दुई महिनादेखि मानिसमाथि आक्रमण गर्दै आएको थियो ।

यस अवधिमा चार जनाको ज्यान गएको र एक जना घाइते भएको वडाध्यक्ष सुभाष श्रेष्ठले जानकारी दिए । बाघ



नियन्त्रणमा ल्याउन राष्ट्रिय प्रकृति संरक्षण कोष, पर्सा राष्ट्रिय निकुञ्ज, प्रहरी र स्थानीयहरूको संयुक्त प्रयास सफल भएको छ । अहिले उक्त बाघ निकुञ्जको सुरक्षित क्षेत्रमा राखिएको छ ।

## ४ हजार बोइलर कुखुराको चल्ला बरामद

***बीरगन्ज,०३ असोज ।***

पर्साको केहुनिया स्थित नेपाल-भारत सीमा क्षेत्रबाट अवैध रूपमा नेपाल भित्र्याइएको ठूलो परिमाणको बोइलर कुखुराको चल्ला सुरक्षाकर्मीले बरामद गरी नष्ट गरेका छन् । प्रहरीका अनुसार, करिब ४,००० वटा चल्लासहितको मोटरसाइकल छाडेर तस्कर फरार भएका हुन् । वीरगन्ज महानगरपालिका-१९, केहुनियामा खटिएको नम्बर १३ गणको टोलीले भारतबाट आउँदै गरेको ना ४१ प ४२२ नम्बरको मोटरसाइकलमा लुकाएर ल्याइएका चल्ला

बाँकी तेश्रो पृष्ठमा

**नेपाल पोष्ट डेलीका लागि**

| | |
|---|---|
| प्रकाशक | :- नेपाल पोष्ट मिडिया प्रा.लि. |
| सम्पादक | :- मनोज पटेल |
| कार्यकारी सम्पादक | :- संतोष साह |
| सह-सम्पादक | :- सरोज पटेल |
| सम्पर्क कार्यालय | :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल |
| मुद्रक | :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा |

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०

## सम्पादकीय

### जनादेशबाट संविधान समृद्ध

आज संविधान दिवस । नेपाली जनताले संविधान सभामार्फत बनाएको संविधानले एक दशक पार गरेको छ । यस उपलक्ष्यमा सरकारले सैनिक मञ्च टुँडीखेलमा विशेष समारोहको आयोजना गरेको छ भने राष्ट्रपतिले दिउँसो विशेष कार्यक्रम राखेका छन् । राजनीतिक दल, विभिन्न संघसंस्थाले संविधानले एक दशक पार गरेको अवसरमा विविध कार्यक्रम गरेर उत्सव मनाउँदै छन् । संविधान जारी भएको एक दशकसम्म बिनादुर्घटना अगाडि बढ्न सकेको छ । यो महत्वपूर्ण उपलब्धि हो । तर एक दशक पुगेकै वर्ष भने संविधानको मर्मविपरीत कतै शासन सञ्चालनको प्रयास हुने हो कि भन्ने संशय पैदा भएको छ । किनभने नेपाल राजनीतिक संक्रमणमा परेको छ । ४ मंसिर २०७९ मा सम्पन्न चुनावबाट आएको प्रतिनिधि सभा विघटित छ । संसद् बाहिरबाट पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा सरकार बनेको छ । कार्की नेतृत्वमा संसद् बाहिरबाट सदस्य थपिनेक्रम जारी छ । नेपालको संविधानले चार प्रकारको सरकारको परिकल्पना गर्छ । एकल बहुमतको सरकार, दुई वा दुईभन्दा बढी दलको समर्थनमा सरकार, सबैभन्दा ठुलो दलको सरकार र यी तीन प्रकृतिको सरकार बन्न नसक्दा चौथो विकल्पमा कुनै एक जना सांसदको नेतृत्वमा सरकार बन्ने र विश्वासको मत पाए अगाडि बढ्न सक्ने सरकार । चौथो विकल्पको प्रधानमन्त्रीका लागि संसदबाट विश्वासको मत लिँदा दलको ह्वीप नलाग्ने व्यवस्था छ । तर बदलिएको वर्तमान परिस्थितिमा पाचौं प्रकृतिको सरकार बनेको छ- नागरिक सरकार । जेनजीको आन्दोलनपछि जननिर्वाचित सरकार अपदस्त भयो र नयाँ सरकार बन्यो । नयाँ बनेको नागरिक सरकारले प्रतिनिधि सभा विघटन गर्‍यो र चुनावको मिति घोषणा गर्‍यो । योसँगै मुलुक चुनाव केन्द्रित हुन खोजिरहेको छ ।संविधानले परिकल्पना नगरेको नागरिक सरकार बन्दा समेत नियुक्तिमा राष्ट्रपतिको काम, कर्तव्य र अधिकार रहेको संविधान धारा ६१ प्रयोग गरिएको छ । प्रधानमन्त्री कार्कीले पद तथा गोपनीयताको शपथ लिँदासमेत संविधानअन्तर्गत रहने कुरा उल्लेख छ । यसले संविधानले परिकल्पना नगरेको सरकार बने तापनि संविधानको मर्म समातेको देखिन्छ । यो सरकारले संविधान दिवस पनि मनाउँदै छ । तर स्मरणीय कुरा यो छ- संविधान जारी भएदेखि नै संविधान संशोधनको बहस छ । जेनजीले पनि शासकीय स्वरूपदेखि निर्वाचन प्रणालीसम्ममा सुधार खोजेका छन् । संविधानले नै समेत १० वर्षमा पुनरावलोकन हुने भनेर आफ्नो समीक्षाको समयाअवधि आफैं तोकेको छ ।

# जेन-जी विद्रोह र राजनीतिक रूपान्तरण

**जेबी विश्वकर्मा**



नेपाली जनताको निकै ठूलो बलिदानपछि प्राप्त लोकतन्त्रको रक्षाको जिम्मा जनताले राजनीतिक नेतृत्वलाई दिए । ठूला राजनीतिक दलको मुख्य नेतृत्वले चरम बेथिति, भ्रष्टाचार र असमानताको अन्त्य गर्लान् भन्ने जनआकांक्षा थियो । यति मात्रै होइन, जनताले लडेर ल्याएको संघीय लोकतान्त्रिक गणतन्त्रमा नेता जनताको सेवक हुन्छन् र जनताका आधारभूत अधिकार जस्तै- गुणस्तरीय शिक्षा, स्वास्थ्य र रोजगारीका साथै अभिव्यक्ति स्वतन्त्रताको रक्षा हुन्छ भन्नेमा एक हदसम्म विश्वास थियो । तर, व्यवस्था परिवर्तनपछि केही नेता दम्भ, अहंकार, शासकीय मनोवृत्ति र निरंकुशतामा चुर्लुम्म डुब्न पुगे । जनताको सेवक बन्नुपर्ने नेतामा अहंकार र फाँसीवादी मनोवृत्ति सवार हुन पुग्यो । जनतामाथि निरन्तर धोकाधडी कायमै रह्यो । यस्तो अहंकारी राज्य सञ्चालकविरुद्ध कुनै न कुनै बेला विद्रोह हुनु नै थियो, जुन जेन-जी विद्रोहमार्फत विस्फोट हुन पुग्यो । नेकपा (एमाले) का अध्यक्ष तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको सर्वसत्तावादी प्रवृत्ति पार्टीभित्रै देखिने गरेको छ । २०४८ सालदेखि सांसद गृह, परराष्ट्र, उपप्रधानमन्त्री हुँदै चार पटक देशको प्रधानमन्त्री भइसकेका ओली निरन्तर राज्यसत्तामा छन् । तर, उनले नेपाली जनताको आवश्यकता र चाहनालाई सम्बोधन गर्ने कुनै ठोस काम गरेका छैनन् । बरु जनतालाई चरम निराशा र बेथितितिर धकेल्न उनको भूमिका छ । २०७१ मा सम्पन्न नवौं महाधिवेशनबाट अध्यक्ष बनेका ओली अझै पार्टीमा अनेक मनोमानी गरेर पुनः अध्यक्ष बनेर देश र जनतामाथि शासन चलाउने दम्भ प्रस्तुत गर्छन् । युवा, महिला र सीमान्तकृतलाई योजनाबद्ध निषेध गर्छन् । पटक-पटकको परीक्षामा असफल भइसकेका ओलीको यस्तो हर्कतले जनतामा नयाँ आशाको किरण भर्न सक्दैन थियो । तिनलाई जनताप्रति जवाफदेही हुनु थिएन, विभिन्न स्वार्थ समूह, गुट र बिचौलियालाई खुसी बनाउनु थियो । २०४८ देखि निरन्तर संसद्, मन्त्री र पाँच पटक प्रधानमन्त्री बनिसकेका कांग्रेस सभापति देउवा हुन् वा २०५१ मा एमालेको महासचिव भएर १५ वर्ष पार्टी चलाएका, निरन्तर मन्त्रीदेखि प्रधानमन्त्री हुँदै नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष भएका माधवकुमार नेपाल हुन् । यस्तै जनताको मुक्तिको सपनासहित दसवर्षे जनयुद्धको नेतृत्व गरेका माओवादी अध्यक्ष प्रचण्ड हुन् । जनताले विभिन्न आन्दोलन, क्रान्ति र संघर्षबाट अभिव्यक्त गरेका सवालको सम्बोधन गरिएन । सबैले जनतामाथि निरन्तर धोकाधडीबाट दिक्क र आजित भएका जनताको विस्फोट जेन-जी विद्रोहमार्फत भएको हो । सामाजिक सञ्जालमाथिको प्रतिबन्ध फुकुवा जेन-जी आन्दोलनको एउटा महत्त्वपूर्ण माग थियो । जनताले सरकार र नेतृत्वको आलोचना गरेसँगै ओली सामाजिक सञ्जाल बन्द गरेर जनताको अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित पार्न उद्यत थिए । सामाजिक सञ्जालसम्बन्धी विधेयकबारे छलफल हुँदै थियो । तर सामाजिक सञ्जाल बन्द गर्दा जनतामाथि पर्न सक्ने प्रभावको कुनै अध्ययन नै नगरी उनले सामाजिक सञ्जाल बन्द गराए । यति मात्रै होइन, जेन-जीलाई नजरअन्दाज गर्ने र अपमानित गर्ने स्तरको अभिव्यक्ति दिनसम्म भ्याए । प्रधानमन्त्रीजस्तो जिम्मेवार पदमा रहेको व्यक्तिले जनतामाथि गरेको कटाक्ष र अभिव्यक्तिको परिणाम स्वाभाविक रूपमा विद्रोह थियो र त्यसै भयो । जनताले कर तिर्ने, विदेशी भूमिमा रगत-पसिना बेचेर रेमिट्यान्स पठाउने र जनताको ढाड भाँच्ने गरी वैदेशिक ऋण लिने तर ती स्रोतको दुरुपयोग गरी नेताका सन्तानले भव्य जीवन बाँच्ने परिस्थितिले जेन-जी पुस्तालाई प्रश्न उठाउन बाध्य पार्‍यो । कर जनताको सम्पत्ति हो तर राज्य स्रोतको दोहन गरेर, भ्रष्टाचार गरेर जनताको जीवन झन्-झन् कष्टकर बनेपछि संसारभरि नै नेपोकिड्स, नेपोबेबी आन्दोलन सुरु भएको थियो । भ्रष्टाचारी नेताका सन्तानको जीवनशैलीको पर्दाफास गर्ने यो अभियानसँग जोडिएको महत्त्वपूर्ण मुद्दा थियो, भ्रष्टाचार र अनियमितता । देशमा भ्रष्टाचारको अन्त्य र सुशासनको स्थापना जेन-जी आन्दोलनको अर्को महत्त्वपूर्ण सवाल थियो । यस्ता मागसँगै जेन-जीले गरेको आन्दोलनमा युवाको साथ र समर्थन रह्यो । भदौ २३ मा राज्य र जनप्रतिनिधिलाई जवाफदेही बनाउन गरिएको जेन-जी प्रदर्शनमा राज्यले फाँसीवादी दमन गरेर एकै दिनमा २१ जना युवाको हत्या गर्‍यो । यसैको परिणाम जेन-जी विद्रोहको दोस्रो दिन देशभरि आगो बल्न पुग्यो । अन्ततः बादशाह ओलीले राजीनामा दिन बाध्य हुनुपर्‍यो । विडम्बना ! दोस्रो दिनको आन्दोलनमा भएको घुसपैठ, अराजकताका कारण सार्वजनिक र निजी सम्पत्ति मात्रै खरानी भएन, निकै ठूलो संख्यामा मानिस मारिन पुगे । दोस्रो दिन ५३ जना मानिसले ज्यान गुमाए । दुई दिनको आन्दोलनमा ७४ जनाभन्दा बढीले ज्यान गुमाउन पुगे, यो अत्यन्तै दुःखद र निन्दनीय कुरा हो । **आन्दोलनको सन्देश** जनताकै बलबाट

बाँकी तेश्रो पृष्ठमा

# नेपाली रंगीन-क्रान्तिको गन्तव्य

**हरि रोका**

केपी शर्मा ओली र शेरबहादुर देउवाको मिलिभगतमा पुगनपुग दुईतिहाइको ग्यांगेस्टर क्यापिटालिजम पोखिने गरी उम्लिरहेकै थियो । धेरैलाई आभास भएझैं सत्तारूपी कुँडेमा उम्लिरहेको दूध आफैं पोखिने हो या कसैले घोप्ट्याइदिने हो- जगजगीकै अवस्था थियो । राज्य सञ्चालकहरूको राजनीतिक, आर्थिक, सामाजिक, कूटनीतिक तथा सांस्कृतिक असफलताले विद्रोहको परिस्थिति परिपक्व भइसकेकै थियो । यद्यपि, संगठित, सैद्धान्तिक र वैचारिक रूपमा ठोस विकल्प भएको विद्रोही संगठित शक्ति, जसको राजनीतिक साख भएको होस्, त्यस्तो शक्ति चुनौती दिन खडा थिएन । सत्ताधारी वर्ग पूर्वराजा ज्ञानेन्द्रको पुनः गद्दीनसीन हुने महत्त्वाकांक्षा उनका सारथिहरूको बेढंगीपनसहित संक्षिप्त जेलगमनपछि टुंगिएको थियो । संसद्मा प्रमुख प्रतिपक्ष दाह्रा-नंग्रा फुक्लिएको निर्बल वृद्ध बाघझैं वैकल्पिक शक्ति हुनै सकिरहेको थिएन । युवातुर्कहरूको रास्वपा नेतृत्वविहीन बाक्लो भुइँकुहिरोभित्र रुमल्लिएको कागझैं देखिन्थ्यो । यो निष्कन्टक राजनीतिक परिवेशमा पूर्वप्रधानमन्त्री ओली पार्टी विधान महाधिवेशन आयोजना गरेर आफूलाई छत्रपति घोषणा गर्न गइरहेका थिए । बिनासन्देह कांग्रेस सभापति देउवा ओलीपछि प्रधानमन्त्रीको पालो पर्खिरहेका थिए । पार्टीभित्र आफूले आफैंलाई अमरत्व घोषणा गरेको एक दिनपछि अर्थात् २३ भदौमा रंगीन क्रान्ति (कलर रिभोलुसन) सुरु भयो र अर्को २४ घण्टामा क्रान्ति सम्पन्न नै भयो । भदौ २४ को अपराह्न देउवा र ओलीको हालत ग्रिककथाको त्यो राज-ज्योतिषीको जस्तो थियो, जसले ठूला भद्र-भलाद्मीको जीवनमा आइपर्ने सुदिन र अनिष्टकालको फलाफल ज्योतिष भविष्यवाणी त विश्वसनीय पाराले गर्ने गर्थ्यो, तर पछिल्लो पटक सन्ध्याकालीन समयमा गहिरो इनारमा आफैं खस्नेछु भन्नेचाहिँ उसले अड्कलसम्म काट्न सकेन ।

**आन्दोलनको पृष्ठभूमि**

सामाजिक सञ्जालमाथिको प्रतिबन्ध हटाउने र भ्रष्टाचार निर्मूल गर्दै सुशासन कायम गर्ने दुईबुँदे माग राखेर जेन-जी अर्थात् नयाँ पुस्ताले २० भदौमा घोषणा नै गर्‍यो- गठबन्धन सत्ताविरुद्ध २३ भदौदेखि आन्दोलन गर्ने । त्यसअघि जेन-जी पुस्ता नै नेपालको सन्दर्भमा को हो, के हो भन्ने परिभाषित थिएन र त्यसले संगठित, असंगठित कस्तो आन्दोलन गर्छ भन्ने कसैलाई अनुमानसम्म थिएन । जेन-जीको अन्तर्राष्ट्रिय परिभाषाअनुसार स्वतन्त्रता चाहने, निर्भीक, छलकपट नभएका, कुनै लोभ-लालच नभएका २८ वर्ष नकटेका, अनुभवहीन असंगठित जमात भन्ने बुझिन्थ्यो । जेन-जीको यति परिभाषा बुझेका मानिस वा सरकारका लागि जेन-जीले आन्दोलन गर्ने भनेर प्रचारप्रसार गरेपछि यसको पछि को संगठक छन् ? आन्दोलन हिंसात्मक भएमा, रक्तपातपूर्ण भएमा, आगजनी वा लुटपाट फैलिएमा त्यसका लागि को जिम्मेवार हुने हो ? कसले नियन्त्रण लिने ? यो खोजीनीति राज्यको दायित्वभित्र पर्छ । अझ बढी असंगठित आन्दोलनमा सतर्कता अपनाउनुपर्ने हुन्छ । एक्काइसौं शताब्दी सुरु भएपछि पचासौं देशमा यस्तै बेवारिसे असंगठित आन्दोलन सुरु गराएर सत्ता परिवर्तनको अभ्यास गरिएका र यिनलाई नै रंगीन आन्दोलनको नामकरण गरिएका उदाहरण प्रशस्त भएको परिप्रेक्ष्यमा यस्तो सम्भावनालाई नकारिनु हुन्थेन । यस्तो आन्दोलनका लागि नेपाली भूमि उर्वर थियो । क्रेडिबिलिटी भएका वाहक नहुँदा मात्र रोकिएको थियो । जनविरोधी ऐन-कानुनको निर्माण गरी नीतिगत भ्रष्टाचारका लागि बाटो खोलेको, राज्यका हरेक क्षेत्रको संस्थागत भ्रष्टीकरण गरेको, नियोजित रूपमा ऐन-कानुन मात्र होइन- संविधानकै बर्खिलापमा सयौं काण्ड घटाएर राज्यको दुरुपयोग गरेको र कानुनको दुरुपयोग गरेर नातावाद, कृपावाद र परिवारवादलाई प्रश्रय दिएको, शैक्षिक तथा स्वास्थ्य संघसंस्था ध्वस्तप्रायः बनाएको, मुख्य दलका राजनीतिक कार्यकर्ता पूर्ण रूपमा राज्य दोहनमा लगाइएको, राज्यका नाममा खर्बौं ऋण उठाएर दुरुपयोग गरेको र देशमा औद्योगिकीकरणको अभाव र रोजगारीको अभावलाई दृष्टिगत गरी त्यसका लागि योजनाबद्ध विकासको पहल नगरेको जस्ता सयौं आपराधिक मनोवृत्तिहरूको विस्तारले आन्दोलनको पृष्ठभूमि धेरै पहिलादेखि नै बनिसकेकै थियो । सत्ताविरोधी माहोल ओली प्रधानमन्त्री भएको एक महिनापछि अर्थात् २०८१ भदौको गौरा पर्वको समयमा राजधानीको टुँडिखेलमा ओली-देउवाकै उपस्थितिमा उनका विरुद्ध नाराबाजी लगाएर सुरु भएको थियो । त्यसपछि स्वदेश र विदेश सबै ठाउँमा प्रधानमन्त्री ओलीविरुद्ध चर्का नारा घन्किएका थिए । तर, दुईतिहाइ बहुमतको सत्ता उन्मादमा जेन-जीको आन्दोलनलाई पखेटा पलाएको कमिला ठाने । तर राजनीतिक माहोल भिन्न थियो । राजावादी आन्दोलन दबाउँदाको ट्याक्टिस उनको गृह प्रशासनले भदौ २३ मा पनि अजमायो । जब आन्दोलनकारी मूल डेनमा आइपुगे, सामान्य प्रक्रिया (ब्यारिकेड, माइकिङ, हल्का लाठीचार्ज, पानीका फोहरा, रबरका गोली र पछि मात्र गोली चलाउने) नपुर्‍याई अन्धाधुन्ध गोली बर्सायो । तत्काल १९ जना कलिला युवा विद्यार्थीको ज्यान गयो र बन्दुकको गोली लागेर ४ सय बढी घाइते भएको समाचार सार्वजनिक हुन पुग्यो । भदौ २४ मा स्वाभाविक रूपमा आगोमा घिउ-तेल थप्न सबैखाले तत्त्व जेन-जी प्रदर्शनमा मिसिए । सेनालगायत सुरक्षा निकाय हात बाँधेर बसे अनि कल्पनै नगरिएको राष्ट्रिय जनधनको विनाश हुन पुग्यो । भौतिक रूपमा मात्र होइन, नेपाली राज्यले पहिलो पटक कार्यपालिका, न्यायपालिका तथा व्यवस्थापिकालाई संस्थागत ढंगले धराशायी बनाइए । नेपाली राज्यलाई यति धेरै दुर्बल बनाइयो कि यसअघि यस्तो विनाश कहिल्यै भएको थिएन । **रंगीन क्रान्तिको ऐतिहासिकता** क्रान्ति भन्नासाथ भिन्न राजनीतिक प्रणालीका लागि गरिने सशस्त्र वा निर्णायक आन्दोलन भन्ने बुझिन्छ । जसले मुख्यतः उत्पादन पद्धति र उत्पादनका सम्बन्धलाई नै पूर्ण रूपमा बदलिदिन्छ । प्रायः क्रान्ति हिंस्रक आन्दोलन वा युद्धमार्फत प्राप्त गरिन्छ भन्ने बुझाइ पनि देखिन्छ । जस्तो फ्रान्सेली, अमेरिकी, रुसी, चिनियाँ, क्युबा, भियतनाममा त्यस्ता क्रान्ति सम्पन्न भएका थिए । यस्ता क्रान्ति प्रगतिशील, युगान्तकारी परिवर्तनको पक्षधर, समानता र न्यायको पक्षधर हुने गर्थे । यस्ता आधारभूत क्रान्ति (र्‍याडिकल रिभोलुसन) संस्थागत

बाँकी तेश्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय समाचार

## अहमदावाद एयर इन्डिया दुर्घटनाका पीडित परिवारले बोइङविरुद्ध हाले मुद्दा

*काठमाडौं,०३ असोज ।*

एयर इन्डियाको विमान दुर्घटनामा ज्यान गुमाएका २६० जना यात्रुमध्ये चारजनाको परिवारले विमान निर्माता बोइङविरुद्ध मुद्दा दायर गरेका छन् । उनीहरुले जहाज निर्माता कम्पनी बोइङ र एयर स्पेस कम्पनी हनीवेल विरुद्ध पनि लापरबाहीको आरोपमा मुद्दा दायर गरेका हुन् । सन् २०२५ को जुन महिनामा भएको एयर इन्डियाको विमान दुर्घटनामा ज्यान गुमाएका चार यात्रुका परिवारले विमान निर्माता बोइङ र हनीवेलविरुद्ध मुद्दा हालेका छन् । उनीहरूले लापरबाही र इन्धन नियन्त्रण गर्ने स्विचमा भएको खराबीका कारण २६० जनाको ज्यान गएको आरोप लगाएका छन् । अहमदाबादबाट लन्डनतर्फ उडेको एयर इन्डियाको उडान नम्बर १७१ जुन १२ मा उडान भरेको केही समयमै दुर्घटनाग्रस्त भएको थियो । डेलावेयरको विशेष अदालतमा दायर गरिएको मुद्दामा पीडितहरुले बोइङ ७८७-८ ड्रीमलाइनरको स्विच अनायासै बन्द हुन सक्ने र यसले इन्धनको आपूर्ति रोकिने तथा उडानका लागि आवश्यक गतिमा कमी आउनेलगायतका प्राविधिक कमजोरीका कारण दुर्घटना भएको आरोप लगाएका छन् । पीडितहरुले बोइङ र हनीवेललाई यो जोखिमबारे पहिले नै थाहा भएको समेत आरोप लगाएका छन् । उनीहरूका अनुसार, अमेरिकी सङ्घीय उड्डयन प्रशासन (एफएए) ले सन् २०१८ मै बोइङका विमानहरूमा रहेको उक्त कमजोरीबारे चेतावनी दिएको थियो । ककपिटमा भएका स्विचहरू अनायासै थिच्न सकिने गरि राखिएको पीडितहरुको आरोप छ । तर, उड्डयन सुरक्षा विज्ञहरू भने स्विचको स्थान र डिजाइनका कारण तिनलाई त्यत्तिकै थिच्न नसकिने दावी गर्छन् । भारतको विमान दुर्घटना अनुसन्धान ब्युरो (एएआईबी) को प्रारम्भिक प्रतिवेदनले एयर इन्डिया निरीक्षणमा कमजोरी रहेको देखाएको छ । मर्मतसम्भारको रेकर्ड अनुसार, दुर्घटनामा परेको विमानमा सन् २०१९ र २०२३ मा इन्धन स्विच भएको थ्रोटल कन्ट्रोल मोड्युल फेरिएको थियो ।



विमानका दुई चालकबीचको ककपिट रेकर्डिङले मुख्य चालकले विमानको इन्जिनमा इन्धनको प्रवाह रोकेको देखाएको छ । जुलाईमा एफएका प्रशासक ब्रायन बेडफोर्ड ले यान्त्रिक समस्या वा इन्धन नियन्त्रणका उपकरणहरूको कारण दुर्घटना नभएकोमा आफू विश्वस्त रहेको बताएका थिए । यद्यपि, केही पीडित परिवारले अनुसन्धानकर्ता र मिडियाले पाइलटहरूको कमजोरीमा धेरै ध्यान केन्द्रित गरेको भन्दै आलोचना गरेका छन् । यो मुद्दा अमेरिकामा हवाई दुर्घटनासम्बन्धी पहिलो मानिएको छ । यसमा मृत्यु भएका २२९ यात्रुमध्ये कान्ताबेन धिरुभाई पाघादल, नाव्या चिराग पाघादल, कुबेरभाइ पटेल र बाबिबेन पटेलको परिवारले क्षतिपूर्तिको माग सहित मुद्दा दायर गरेको हो । विज्ञहरूका अनुसार, अमेरिकी अदालतहरू पीडितहरूका लागि बढी उदार भएको र वायुसेवा कम्पनीहरुको जस्तो विमान निर्माता कम्पनीहरुले तिर्ने क्षतिपूर्ति र हर्जाना दिने सीमा नभएकाले सिधै विमान निर्माताविरुद्ध मुद्दा हाल्ने गरिन्छ ।यसअघि बोइङले आफनो ७३७ म्याक्स विमानको सन् २०१८ र २०१९ मा भएको दुईवटा दुर्घटनामा कानुनी र अन्य खर्चमा २० अर्ब डलरभन्दा बढी व्यहोरेको थियो । साथै उक्त विमानलाई २० महिनासम्म उडानमा रोक समेत लगाइएको थियो ।

## पुटिनले युक्रेन युद्धविराममा निराश पारे : ट्रम्प

*काठमाडौं,०३ असोज ।*

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार भ्लादिमिर पुटिनले युक्रेनमा जारी युद्धलाई रोक्ने आफ्नो प्रयासमा 'वास्तवमै निराश पारेको' बताएका छन् ।बेलायतका प्रधानमन्त्री केइर स्टार्मरले रुसी नेतामाथि थप दबाब दिन आह्वान गरिरहँदा उनले पुटिनले वास्तवमै निराश बनाएको बताएका हुन् । बेलायतको राजकीय भ्रमणका क्रममा स्टार्मरसँगको संयुक्त पत्रकार सम्मेलनमा ट्रम्पले द्वन्द्व अन्त्य गर्न नसक्नु आफ्नो 'सबैभन्दा ठूलो निराशा' भएको बताएका हुन् । उनले पुटिनविरुद्ध आफ्नो आगामी कदमको बारेमा भने केही बताएका छैनन् । उनले पुटिनलाई वार्ताको टेबलमा ल्याउन बाध्य पार्न पश्चिमी सहयोगीहरूलाई रुसी तेल किन्न बन्द गर्न आग्रह गरेका छन् । यद्यपि, उनले मस्कोविरुद्ध कुनै पनि एकपक्षीय कदम चाल्नबाट भने पछि हटेको देखिन्छ । अमेरिकी राष्ट्रपतिले अगस्टमा पुटिनलाई वार्ताका लागि अलास्कामा आमन्त्रण गरेका थिए । उनले रुसी नेताप्रति बारम्बार झुकाव राख्दा आफ्ना सहयोगीहरू निराश बन्न पुगेका स्वीकार गरेका छन् । ट्रम्पले भनेका छन्, 'रूसी राष्ट्रपति पुटिनसँगको मेरो सम्बन्धका कारण मैले सोचेको द्वन्द्व सबैभन्दा सजिलो हुनेछ तर उहाँले मलाई निराश पार्नुभएको छ । उहाँले वास्तवमै मलाई निराश पार्नुभएको छ ।' ट्रम्पले युक्रेनमा शान्ति छाउने आशा गर्दै अगाडि भने "रुस र युक्रेनले यो काम पूरा गर्नेछन् ।" बेलायती प्रधानमन्त्री स्टार्मरले अमेरिकी नेताबाट किएभका लागि थप प्रतिबद्धता सुरक्षित गर्ने प्रयासमा ट्रम्प र युरोपेली सहयोगीहरूको आफूलाई पुलको रूपमा प्रस्तुत गरेका छन् । उनले ट्रम्पलाई प्रत्यक्ष रूपमा नचिढाउन सावधानी अपनाएको देखिन्थ्यो । उनले अमेरिकी राष्ट्रपतिका रूपमा आफूले रूसी समकक्षी पुटिनमाथि कसरी 'निर्णायक रूपमा दबाब बढाउने' भनेर छलफललाई जारी राख्ने राख्ने बताएका छन् । स्टार्मरले भनेका छन्, "हामीले पुटिनमाथि थप दबाब दिनुपर्छ ।

## रुस र इन्डोनेसियामा शक्तिशाली भूकम्प

*काठमाडौं,०३ असोज ।*

शुक्रबार बिहान रुसको सुदूर पूर्वी कामचटका प्रायद्वीप र इन्डोनेसियाको सेन्ट्रल पपुवा क्षेत्रमा शक्तिशाली भूकम्प आएपछि स्थानीय बासिन्दा आत्तिएका छन् । दुवै क्षेत्र प्रशान्त महासागरको 'रिङ अफ फायर' मा पर्ने भएकाले बारम्बार भूकम्पीय गतिविधिको सामना गर्दै आएका छन् । रूसमा ७.८ म्याग्निच्युडको भूकम्प कामचटका प्रायद्वीपको तटमा महसुस भएको अमेरिकी भूगर्भीय सर्वेक्षण (युएसजिएस) ले जनाएको छ । राजधानी पेट्रोपाभ्लोभस्क-कामचाट्स्कीबाट एक सय २८ किलोमिटर पूर्वमा र १० किलोमिटर गहिराइमा आएको यो भूकम्पका कारण भवनहरू हल्लिएका थिए । रूसी जियोफिजिकल सेवाले यसलाई ७.४ म्याग्निच्युडको अनुमान गर्दै कम्तीमा पाँच वटा परकम्प आएको जनाएको छ । सामाजिक सञ्जालमा साझा गरिएका भिडियोहरूमा घरभित्रका फर्निचर, लाइट फिक्स्चर र सडकमा पार्क गरिएका कारसम्म हल्लिएको देखिन्छ । सुरुमा जारी गरिएको सुनामी चेतावनी केही घण्टापछि हटाइएको छ ।

## जेन-जी व्रिदोहको.............

राजनीतिक नेतृत्व र सत्तामा पुगेका नेताले जनतामाथि अन्तर्घात गर्छन् भने जनताले सहँदैन, विद्रोह गर्छन् भन्ने स्पष्ट सन्देश जेन-जी विद्रोहले दिएको छ । निरंकुश राज्यसत्ता जनताकै बलमा ढलेका उदाहरण नेपालमै छन् । त्यसैले जेन-जी आन्दोलनले जनताको पक्षमा काम नगर्ने शासकीय अहंकार, दम्भ र निरंकुश नेतृत्व हरदम जनताले गर्ने विद्रोहको सामना गर्न तयार हुन निर्देशित गरेको छ । भ्रष्टाचार र कुशासन नेपालको निकै ठूलो समस्या हो । राज्य सञ्चालनमा दलाल, भ्रष्ट र बिचौलियाको सबैभन्दा ठूलो भूमिका रहँदै आएको छ । यस्ता भ्रष्ट, दलाल र बारम्बार परीक्षणमा असफल भइसकेको नेतृत्वलाई जनताले अस्वीकार गर्छन् । जेन-जी विद्रोहले भ्रष्ट राजनीतिक नेतृत्वलाई भागाभाग हुनुपर्ने स्थितिमा पुऱ्यायो । कर्मचारी, प्रहरी प्रशासन, न्यायालय र सार्वजनिक सेवामा हुने भ्रष्टाचारलाई पनि नांगेझार पार्नुपर्ने स्पष्ट संकेत पनि यो विद्रोहले उजागर गरेको छ । जनताले गुणस्तरीय शिक्षा, स्वास्थ्य उपचार, रोजगारी, सूचना-सञ्चार र स्वतन्त्रता चाहेका छन् । साभार ईकान्तिपुर ।

## पुनर्निर्माणकै क्रममा........

संरचना अर्थात् क्रान्तिकारी विचारधाराले उत्प्रेरित क्रान्तिकारी पार्टीले अगुवाइ नगरी सम्पन्न हुँदैनन् भन्ने विश्वास थियो । वरिष्ठ पत्रकार तथा अर्थशास्त्री विल हटन लेख्छन्, 'बीसौं शताब्दीमा गरिएको नव-संकीर्णवादी (नियोकन्जरभेटिभ) राजनीतिक नेतृत्वले रंगीन क्रान्ति आविष्कार गर्न लगायो । वास्तवमा यसका दुई कारण थिए । पहिलो, कुनै पनि मुलुकमा सम्भावित आधारभूत क्रान्ति रोक्ने र दोस्रो अमेरिकी हित संरक्षण गर्ने । यो खोज तथा अनुसन्धानमा बौद्धिक शक्ति तथा खर्च जुटाउन, सोच र प्रविधिमा आएको परिवर्तनले समाजलाई पार्ने प्रभावको लेखाजोखा गर्न, पात्र, प्रविधि र नयाँ-नयाँ टेक्निकहरू खोजी गर्न केही रिसर्च इन्स्टिच्युट र विश्वविद्यालय तयार पारिए ।तिनले दशकौं लगाएर विषयवस्तु (कन्टेन्ट) तयार पारे । ती सबैमध्ये रंगीन क्रान्तिको अन्वेषणमा जोडिएको अमेरिकी एकेडेमिक संस्थाको नाम हो- जेन सार्प, जसले अहिंसात्मक प्रतिरोध (नन् भ्वाइलेन्ट रेसिसट् यान्ट) कसरी गर्ने भनेर त्यसको सैद्धान्तिक, वाहक कलेवर तयार पाऱ्यो । साभार ईकान्तिपुर ।

## बीरगन्जमा जेनजी.......

टन युरिया मलको कोटा मधेश प्रदेश सरकारअन्तर्गतको कृषि मन्त्रालयले निर्धारण गरिसकेको छ ।

तयसअनुसार मधेश प्रदेशका ८ जिल्लाका सहकारीहरूले कोटा अनुसार युरिया मल उठाउन थालेका छन् । तर प्रमुख पाण्डेका अनुसार, युरियाको माग अझै अत्यधिक छ, र अबको केही दिनमा मौज्दात सकिने निश्चित छ ।

"कोटा लागेलगत्तै सहकारीहरूले धमाधम युरिया मल लगिरहेका छन् । अब मौज्दात सकिन लागेकाले आगामी आपूर्तिमा ढिलाइ हुन सक्छ," उनले बताए ।

## पर्साका ९ वटा............

का अनुसार बजेट चाँडै पारित हुनेगरी कार्य भइरहेको बताए । दशैं जस्तो ठूलो पर्वमा कर्मचारीहरूलाई तलबभत्ता भुक्तानी गर्न नसक्दा कर्मचारीहरू आन्दोलन गर्ने तरखर मा रहेकाले आफूहरूले १/२ दिनमा सहमति जुटाएर बजेट सार्वजनिक गर्ने उनले दाबी गरे ।केही पालिकाहरूमा बजेट पारित भएपनि प्रमुख प्रशासकीय अधिकृतहरूले सरुवाको माग गर्दै मन्त्रालयमा निवेदन दर्ता गराएका कारण उनीहरू गाँउपालिकामा नआउने तथा बेवास्ता गरेपछि बजेट सूत्रमा प्रविष्ट गर्ने कार्य रोकिएको छ । जेनजी आन्दोलनपछि अवस्था फेरिएकोले प्रमुख प्रशासकीय अधिकृतहरूको सरुवा पनि अन्योलमा रहेको छ । जेनजी आन्दोलनमा वीरगन्ज महानगर कार्यालयलगायत रहेका छ

## पर्सामा भन्सार............

कारबाहीका लागि बीरगन्ज भन्सार कार्यालयमा बुझाउने प्रक्रिया अघि बढाइएको छ ।

## ४ हजार बोइलर...........

फेला पारेको थियो । सुरक्षाकर्मीलाई देख्नेबित्तिकै मोटरसाइकल चालक फरार भएपछि प्रहरीले मोटरसाइकल र चल्ला नियन्त्रणमा लिएको थियो । बरामद गरिएका चल्लाहरूको अनुमानित मूल्य रु १ लाख रहेको बताइएको छ । सुरक्षाकर्मीले ती चल्लालाई स्थानीय पत्रकार, जनप्रतिनिधि, नेपाल प्रहरी र पशु क्वारेन्टाइन कार्यालयका प्रतिनिधिको रोहबरमा खाडल खनेर नष्ट गरेका छन् ।

# स्वास्थ्य

## गर्भावस्थामा श्रीमानको भूमिका कस्तो हुनुपर्छ ?



जब श्रीमती गर्भवती हुन्छिन्, श्रीमानको भूमिका के हुनसक्छ ? सामान्य लाग्ने यो प्रश्न दाम्पत्य सम्बन्धदेखि सन्तानसुखसम्म जोडिएको छ । गर्भवती बेलामा शारीरिक र भावनात्मक उथलपुथलबाट गुज्रिनुपर्ने हुन्छ । त्यसले गर्दा उनीहरुको व्यवहारमा परिवर्तन आउन सक्छ । खानपानको रुचि फेरिन सक्छ । र, धेरै कुरा बद्लिन सक्छ । साथै भावनात्मक रुपमा पनि उनीहरु स्थिर हुँदैनन् । केही डर, केही पीर, केही दुःख, केही उत्साहका कारण उनीहरुको मनोदशा बद्लिरहन्छ । यसरी भावनात्मक र शारीरिक रुपमा आउने अनेक उतारचढावमा उनीहरुलाई सम्हाल्न, साथ दिन, शान्त राख्न सबैभन्दा नजिकको साथी हुनसक्छन् श्रीमान् । श्रीमानको सामीप्य, साथ, हौसलाले गर्भवती श्रीमतीलाई धेरै सहज हुन्छ । र, यो चरण उनीहरु जति सहज र खुसी हुन्छन्, गर्भको बच्चामा पनि त्यसको सकारात्मक प्रभाव पर्छ । त्यसैले गर्भवती श्रीमतीका लागि श्रीमानले यी भूमिका खेल्न सक्छन् । **श्रीमतीको मनोबल बढाउने** गर्भवती अवस्थामा श्रीमतीलाई बाहिरी र आन्तरिक समस्या, पीडालाई बुझेर श्रीमानले आत्मबल बढाउने र सकारात्मक कुराहरु गर्नुपर्छ । गर्भावस्थामा केही समस्या जटिलता भएपनि 'केही हुँदैन म छु', 'जस्तो परिस्थितिमा पनि म तिम्रो साथमा छु' भनी आत्मबल बढाउने र खुसी राख्ने प्रयास गर्नुपर्छ । गर्भावस्थामा श्रीमतीलाई सकेसम्म तनावबाट टाढा राख्ने प्रयास गर्नुपर्छ । गर्भावस्थामा महिलाको भावनामा उथलपुथल ल्याउनमा उनको शारीरिक परिवर्तन पनि जिम्मेवार हुन्छ । किनभने यसबेला चायापोतो आउने, मोटोपन बढ्ने, पेटको छालामा धर्सा बस्ने र कसैकसैलाई कपाल झर्ने समस्या हुन्छ । यस्तो बेला उनीहरुको आत्मविश्वास कमजोर हुने र आफूले आफैंलाई उमेर गएको महसुस गर्छन् । यस्तो अवस्थामा श्रीमानले श्रीमतीलाई जस्तोसुकै परिस्थितिमा पनि साथ नछोड्ने विश्वास दिलाउन सक्नुपर्छ । गर्भावस्थामा महिलामा हार्मोनको परिवर्तनले महिलाको सोच्ने शैली परिवर्तन ल्याउने गर्दछ । यस्तो अवस्थामा महिलाको भावनाहरु बदलिरहने हुन्छ । उनीहरु सानो सानो कुरामा धेरै चिन्तित हुने, तनाव, बेचैनी, डर पैदा हुने, धेरै भावुक हुने अर्थात् रुने गर्छन् । यस्तो अवस्थामा उनीहरुको छिनछिनमा परिवर्तन भएको व्यवहारलाई बुझेर उनीहरुसँग रिसाउने र बाझ्नेभन्दा पनि उनीहरुको भावनालाई बुझेर सम्झाउने वा राम्रो कुराकानी गर्नुपर्छ । **कामकाजमा सहयोग गर्ने** गर्भावस्थाको सुरुवाती महिनादेखि नौ महिनासम्म विभिन्न समस्या देखिन्छ । त्यसकारण गर्भावस्थामा श्रीमतीलाई घरको कामकाजमा पनि सहयोग गर्नुपर्छ । यसबेला शरीर कमजोर हुने, छिनछिनमा चक्कर लाग्ने, एकै छिनमा थकान महसुस हुने, झर्को लाग्ने वा रिस उठ्ने हुन्छ । थोरै काम गर्दा पनि धेरै थकान महसुस वा जीउ गल्ने भएकाले गर्भावस्थामा श्रीमानले लुगा धोइदिने वा धुँदा सहयोग गर्ने, खाना पकाउने, भाँडा माझिदिने र घरको सरसफाइमा मद्दत गने ।

गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार
महागढीमाई नगरपालिकाको कार्यालय
बरियारपुर, बारा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
कालिकामाई गाँउपालिकाको कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।
फेटा गाँउपालिकाको कार्यालय, फेटा, बारा

निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निमार्ण कार्य गरौं ।
परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।
करैयामाई गाउँपालिकाकोकार्यालय
करैया, बारा

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता ब्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
पटेर्वा सुगौली गाउँपालिकाको कार्यालय
पटेर्वा सुगौली, पर्सा

# संविधान दिवस होइन, अन्त्येष्टि दिवस मनाउनुपर्छः प्रभु साह

**काठमाडौं,०३ असोज ।** आम जनता पार्टीका अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले असोज ३ लाई 'संविधान दिवस' नभई 'संविधानको अन्त्येष्टि दिवस' का रूपमा मनाउनुपर्ने दाबी गरेका छन् । सामाजिक सञ्जालमार्फत भिडियो सन्देश जारी गर्दै साहले हालको संविधान नेपाली जनताको नभई बाह्य शक्तिको प्रभावमा बनेको भन्दै यसले देशलाई अन्तहीन समस्यामा धकेलेको आरोप लगाए । उनले भने, "मृत संविधानलाई बोकेर हिँड्नु भनेको समाजलाई दूषित बनाउनु हो ।" साहका अनुसार अहिलेको संविधानले राष्ट्रियता कमजोर पार्नुका साथै अनावश्यक नागरिकता प्रावधान ल्याएको छ, जसको कारण नेताहरू र शासकवर्गले सम्पत्ति विदेशमा सारिरहेका छन् । उनले ७६१ सरकार, अनियन्त्रित भ्रष्टाचार र कर आतङ्कलाई समेत यही संविधानको उपज बताएका छन् । उनले भने, "नेपालमा जीडीपीको ३५ प्रतिशत



कर जनताले तिर्नुपरेको छ, जुन दुनियाँमै कहीँ छैन । यही कारण हाम्रो उत्पादन महँगो, उद्योग व्यवसाय चौपट र अर्थतन्त्र बर्बाद भएको छ ।" साहले वर्तमान संघीय संरचनालाई 'पहिचान र अधिकारविहीन' भन्दै सामाजिक न्याय त्कबकब (तमासा) बनेको आरोप लगाए । उनले प्रतिस्पर्धामा सिन्डिकेट र विशेषाधिकारका कारण सामाजिक सद्भाव भंग भएको बताए । संविधान निर्माणको समयदेखि नै आफूले यसको विरोध गर्दै आएको स्मरण गर्दै साहले भने, "६०१ जनामध्ये म एउटा प्रभु साहले यो संविधान गलत हो भनेको थिएँ। त्यसकै कारण मलाई प्रताडित गरियो ।"

अन्त्यमा साहले जनतालाई अपिल गर्दै भने, "मृत चिजको उत्सव हुँदैन, अन्त्येष्टि हुन्छ । यही संविधानलाई अन्त्येष्टि गरेर मात्रै नयाँ जनताको संविधान बनाउन सकिन्छ । अबको आवश्यकता जनताको संविधान हो, दलालहरूको होइन ।"

# संसद् भवनको निर्माण पुसभित्रै सम्पन्न गर्नुस् : मन्त्री घिसिङ

**काठमाडौं,०३ असोज ।** ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार र सहरी विकासमन्त्री कुलमान घिसिङले सिंहदरबार परिसरमा निर्माणाधीन संघीय संसद् भवन आगामी पुसभित्रै सम्पन्न गर्नुपर्ने निर्देशन दिएका छन् । सहरी विकास मन्त्रालयका सचिव गोपाल सिग्देल, विशेष भवन निर्माण आयोजना तथा समन्वय कार्यालयका प्रतिनिधि, परामर्शदाता र निर्माण व्यवसायीसँगको छलफलमा मन्त्री घिसिङले पुसमै काम पूरा गर्ने गरी सबै पक्ष सक्रिय भएर काम गर्नुपर्ने जोड दिएका हुन्। जेनजी आन्दोलनका क्रममा बानेश्वरस्थित संसद् भवनमा ठूलो क्षति भएपछि हाल संसद् भवन



प्रयोगयोग्य छैन । मन्त्री घिसिङले भने, "अब बहानामा ढिलाइ हुनु हुँदैन । सबै पक्ष गम्भीर भएर परिचालित भई समयमै कार्यसम्पन्न गर्नुपर्छ ।" संसद् भवनको ठेक्का विसं २०७६ असोजमा तीन वर्षभित्र निर्माणसम्पन्न गर्ने गरी गरिएको थियो । पाँच पटक थपिएको म्याद आगामी पुसमा सकिँदैछ। हालसम्म आयोजनाको भौतिक प्रगति ८६ प्रतिशत पुगेको छ। बाँकी काममा राष्ट्रिय र प्रतिनिधिसभा हलको 'फल्स सिलिङ', मल्टिपरपज हलको ट्रस निर्माण, मुख्य र सहायक 'एलटी प्यानल', इलेक्ट्रिकल फायर फाइटिङ जस्ता कार्यहरू रहेका छन् । मन्त्री घिसिङले आफ्नो कार्यलयअन्तर्गत अनियमितता नहुने गरी निगरानी कडा गर्न निर्देशन दिए । उनले चेतावनी दिँदै भने ।

# सुशासन र पारदर्शिताका लागि रौतहटका पालिकाको १९ बुँदे प्रतिबद्धता

**रौतहट,०३ असोज ।** जिल्लाभर सुशासन र पारदर्शिता सुनिश्चित गर्ने उद्देश्यसहित रौतहटका सबै पालिकाका प्रमुख प्रशासकीय अधिकृतहरूले संयुक्तरूपमा १९ बुँदे प्रतिबद्धता गरेका छन् । जिल्ला प्रशासन कार्यालयको आयोजनामा सदरमुकाम गौरमा प्रमुख जिल्ला अधिकारी (सिडिओ) विनोद खड्काको अध्यक्षतामा बसेको बैठकले अनियमितता नियन्त्रण, आर्थिक पारदर्शिता र नागरिकप्रतिको जवाफदेहिता प्रमुख एजेन्डा हुने निर्णय गरेको हो । बैठकले सार्वजनिक खर्च व्यवस्थापनदेखि सेवा प्रवाहसम्मका चुनौती समाधान गर्ने प्रतिबद्धता जनाउँदै इन्धन खर्च दुरुपयोग रोकथाम, काज तथा भ्रमण शीर्षकमा हुने फजुल खर्च नियन्त्रण, खरिद प्रक्रियामा कानुनको पालना र योजनासम्बन्धी विवरण नियमित वेबसाइटमार्फत सार्वजनिक गर्ने निर्णय गरेको छ । सिडिओ खड्काले भने, "सुशासनमा हाम्रो प्रतिबद्धता, भ्रष्टाचारविरुद्ध हाम्रो



कटिबद्धता अभियानमार्फत सरकारी निकायलाई पारदर्शी र जवाफदेही बनाउन वातावरण तयार हुनेछ ।" उनका अनुसार जिल्लाका १८ वटै पालिकाका प्रशासकीय अधिकृत र कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुखको सहमतिमा रेडबुकमा उल्लेखित योजनाबाहेक कुनै किसिमको आर्थिक भुक्तानी नहुने निर्णय भएको छ। गत महिना

# रौतहटमा अज्ञात पुरुषको शव फेला

**रौतहट,०३ असोज ।** रौतहटको राजदेवी नगरपालिका-४ मा शुक्रबार बिहान एक पुरुषको शव फेला परेको छ। गडहिया घाटस्थित बागमती नदीको किनारमा करिब ४० वर्ष उमेरका देखिने पुरुषको शव भेटिएको जिल्ला प्रहरी कार्यालय गौरका डीएसपी राजु कार्कीले जानकारी दिए । "शवको अहिलेसम्म पहिचान भएको छैन, घटनाबारे थप अनुसन्धान भइरहेको छ," उनले भने । घटनास्थलमा पुगेका प्रहरी निरीक्षक रुद्र कँडेलका अनुसार शवको मुचुल्का तयार पारिएको छ र स्थानीयसँग सोधपुछ भइरहेको छ । घटनाको कारणबारे अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।

# संसद् विघटन र प्रधानमन्त्री नियुक्ति दुवै संविधानविपरीतः सिटौला

**काठमाडौं,०३ असोज ।** नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाले प्रतिनिधिसभा विघटन र अन्तरिम प्रधानमन्त्री नियुक्ति दुवै संविधानविपरीत भएको टिप्पणी गरेका छन् । संविधान दिवसको अवसरमा रातोपाटीसँग कुरा गर्दै सिटौलाले संसद् विघटनले संविधानलाई क्षतविक्षत बनाएको दाबी गरे । उनले संविधानलाई पुनः सही बाटोमा ल्याउन दलहरूबीच गम्भीर छलफल आवश्यक रहेको उल्लेख गर्दै नयाँ राजनीतिक सहमति आवश्यक हुनेमा जोड दिए । भदौ २३ र २४ गते भएको 'जेनजी' विद्रोहपछि केपी शर्मा ओली नेतृत्वको कांग्रेस-एमाले गठबन्धन सरकार ढलेको थियो । त्यसपछि भदौ २७ गते राष्ट्रपति रामचन्द्र पौडेलले सर्वोच्च अदालतकी




पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई अन्तरिम प्रधानमन्त्रीमा नियुक्त गरेका थिए । संविधानको धारा ६१ प्रयोग गरी यो व्यवस्था गरिएको थियो। राष्ट्रपतिले संविधान जोगाएको दाबी गर्दै आगामी फागुन २१ मा हुने निर्वाचनमा सहभागी हुन सबैलाई अपिल गरे पनि सिटौलाले त्यसप्रति असन्तुष्टि जनाए । उनले भने, "सडकबाट सरकार बनाउने अनि संविधान जोगाएँ भन्ने? योभन्दा ठूलो विडम्बना के हुन्छ? चुनाव त पहिले ज्ञानेन्द्र शाहले पनि घोषणा गरेका थिए । सायद राष्ट्रपतिमाथि सुरक्षा निकायको दबाब परेको होला ।"

# रौतहटमा जेनजी आन्दोलनबाट २० करोडभन्दा बढी क्षति

**रौतहट,०३ असोज ।** हालै भएको जेनजी आन्दोलनले रौतहट जिल्लामा ठूलो मात्रामा भौतिक क्षति पुऱ्याएको प्रारम्भिक विवरण सार्वजनिक भएको छ । जिल्ला प्रशासन कार्यालय, गौरका अनुसार भदौ २४ गतेको आन्दोलनका क्रममा तोडफोड, आगजनी र लुटपाटबाट मात्रै २० करोड रुपैयाँभन्दा बढी क्षति भएको अनुमान गरिएको छ। आन्दोलनकारीले जिल्लाभरका सरकारी संरचना र स्थानीय तह कार्यालयलाई निशाना बनाएका थिए। प्रारम्भिक मूल्याङ्कनअनुसार चन्द्रपुर नगरपालिकामा करिब ३ करोड, मौलापुरमा ५ करोड, कटहरियामा १ करोड, फतुवा विजयपुरमा ३ करोड ५० लाख, गौर नगरपालिकामा ६४ लाख, डिभिजन वन कार्यालयमा २ करोड ५० लाख र प्रदेश लेखा कार्यालयमा २ करोड ६० लाख रुपैयाँ बराबरको क्षति पुगेको प्रशासनले जनाएको छ। यस्तै, जिल्ला अदालत, मालपोत, करदाता सेवा, नापी र अनुसन्धान कार्यालयमा समेत लाखौं रुपैयाँको क्षति भएको छ।

चन्द्रनिगाहपुर इलाका प्रहरी कार्यालयमा मात्रै करिब २ करोड १४ लाख रुपैयाँको क्षति पुगेको छ भने गरुडा, शिवनगर, हर्षाहा, सुकदेवाचोक, बंकुल र चन्द्रपुर तल्लो बजारका प्रहरी चौकीहरूमा पनि ठूलो क्षति भएको बताइएको छ। प्रारम्भिक छानबिनमा राजनीतिक असन्तोषसँगै व्यक्तिगत रिसिइबी मिसिएको देखिएको छ । फतुवा विजयपुरमा वडा अध्यक्ष र शिक्षकको संलग्नता, कटहरियामा करार कर्मचारीको भूमिका र गरुडामा विपक्षी समूहको प्रत्यक्ष संलग्नता फेला परेको प्रशासनले जनाएको छ।

यस्ता गतिविधिका तस्बिर र भिडियोहरू सामाजिक सञ्जालमार्फत व्यापक रूपमा फैलिएका छन् । सरकारी अभिलेख, सामग्री र संरचना ध्वस्त भएपछि सेवा प्रवाहमा अवरोध आएको छ । विज्ञहरूले यस्तो अवस्थामा तत्काल पुनर्निर्माणका लागि सरकारलाई विशेष योजना बनाउन र पर्याप्त बजेट छुट्याउन सुझाव दिएका छन् ।

रौतहटका प्रमुख जिल्ला अधिकारी विनोद कुमार खड्काले सरकारी सम्पत्तिमा भएको आगजनी, तोडफोड र लुटपाटबारे निष्पक्ष छानबिन हुने र दोषीलाई कानूनी दायरामा ल्याइने स्पष्ट पारे ।


जापानिज इन्सेफलाइटिस् रोगबाट बच्ने उपायहरू



- लामखुट्टेको टोकाईबाट बच्नु नै यस रोगबाट बच्ने प्रमुख उपाय हो।
- हाँस, कुखुरा, सुँगर–बँगुर, घोडा जस्ता घरपालुवा चरा–चुरुङ्गी तथा जनावरहरूलाई व्यवस्थित ढंगले घरदेखि टाढा खोरमा राखेर सुरक्षित तरिकाले पाल्ने गरौँ।
- घर बाहिर निस्कदा, खेत बारीमा काम गर्दा पूरा बाहुला भएको लुगा लगाऔँ।
- घरको झ्याल, ढोकामा जाली राख्ने, पानी जम्ने ठाउँमा लामखुट्टे बृद्धि हुने भएकोले घर वरीपरि पानी जम्ने खाल्डाखुल्डी पूरी दिने गरौँ।
- लामखुट्टे भगाउने धूप वा मलम प्रयोग गरौँ।
- सधैं झुल भित्र मात्रै सुत्ने गरौँ।

याद गर्नुहोस्, यो रोगबाट बच्नको लागि १२ महिनाको उमेरमा जे.ई. खोप लगाउनुपर्छ। यदि यो खोप लिन छुटेको छ भने ५ वर्षको उमेरसम्म पनि जे.ई. खोप लगाउन सकिन्छ।

थप जानकारीको लागि निःशुल्क हटलाइन नं. ११९५ मा फोन गर्नुहोस्।

पोखरिया नगरपालिकाको कार्यालय
पोखरिया, पर्सा



जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता ब्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
पकहामैनपुर गाउँपालिकाको कार्यालय, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा